नारद आदर्श शिक्षा क्याम्पस
स्थापित-२०६०

Date: ..........
Page: ..........

प्रस्तावहरु :-

① विधान संशोधन सम्बन्धमा,
② आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी सम्बन्धमा,
③ विभागीय प्रमुख सम्बन्धमा,
④ आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धमा,
⑤ EMIS गठन सम्बन्धमा,
⑥ स्व: मूल्यांकन समिति गठन सम्बन्धमा,
⑦ विद्यार्थी गुणस्तर सर्कल गठन सम्बन्धमा,
⑧ अनुसन्धान व्यवस्थापन समितिगठन सम्बन्धमा,

निर्णयहरु :-

निर्णय नं.१ प्रस्तुत प्रस्ताव नं.१ उपर आवश्यक छलफल गर्दा यस क्याम्पसले क्याम्पस विधान स्विकृतिको लागि त्रि.वि. योजना निर्देशनालय, किर्तिपुरमा पेश गरिएकोमा संशोधन गर्नु पर्ने भएकोले आवश्यक संशोधन पारित गरियो साथै पुन: विधान स्विकृतिको लागि पेश गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

नि.नं.२ प्रस्तुत प्रस्ताव नं.२ उपर छलफलगर्दा यस क्याम्पस QAA लिने प्रक्रियामा जाने निर्णयानुसार UGC, QAA शाखाको परामर्श अनुसार उच्च शैक्षिक संस्थाहरुको आन्तरिक गुणस्तर सुनिश्चितता निर्देशिका, २०६६ को अधिनमा रहि 'आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी, २०७१ नारद आदर्श शिक्षा क्याम्पस, बसहा, उदयपुर सर्वसहमतिमा ~~निर्णय~~ पारित गर्ने निर्णय गरियो।

नि.नं.३ प्रस्तुत प्रस्ताव नं.३ उपर आवश्यक छलफल गर्दा यस क्याम्पस को 'आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी, २०७१को निर्देश गरे अनुरुप तपसिलका विभागीय समितिहरु गठन गरिएको निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल:-

(क) नेपाली विभाग :-

राज कुमार राई
क्याम्पस प्रमुख

सदस्य:- केपराज राई

सदस्य:- मानेराज राई

(ख) अंग्रेजी विभाग

विभागीय प्रमुख:- बाबुकाजी थापा मगर

सदस्य:- ध्रुवराज राई

" :- राज कुमार राई

" :- नगेन्द्र मगर

(ग) अर्थशास्त्र/जनसंख्या विभाग

विभागिय प्रमुख:- हुकुम ब. मगर

सदस्य:- गणेश कुमार राउत

" :- कुमार खड्का

(घ) परीक्षा शाखा विभाग

शाखा प्रमुख:- गणेश कुमार राउत

सदस्य:- राम कुमार मण्डल

" :- नगेन्द्र मगर

निर्णय नं. ४ प्रस्तुत प्रस्ताव नं. ४ उपर आवश्यक छलफल गर्दा यस नारद आदर्श शिक्षा क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितताको लागि तपसिलमा उल्लेखित Internal Quality Asurance Cell (IQAC) गठन गरिने निर्णय सर्वसम्मत पारित गरियो।

IQAC

संयोजक:- ध्रुवराज राई

सदस्य:- बाबुकाजी थापा मगर

सदस्य:- नगेन्द्र मगर

सदस्य:- रामकुमार मण्डल

सदस्य:- दुर्गा प्रसाद खनाल

सदस्य:- नाम्नुटाङ राई

सदस्य सचिव:- कुमार खड्का

निर्णय नं. ५ प्रस्तावनाउपर आवश्यक छलफल गर्दा यस क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी, २०८१, अनुसार तपसिलका उल्लेखित शैक्षिक व्यवस्थापन सूचना प्रणाली

EMIS Cell

संयोजक :- नगेन्द्र मगर

सदस्य :- गणेश कुमार राउत

" :- ध्रुवराज राई

" :- नाम्तुहाङ राई

सदस्य सचिव :- रामकुमार मण्डल

निर्णय नं. ६ प्रस्तुत प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस क्याम्पसको गुणस्तर मूल्यांकन सुनिश्चितताको प्रक्रियालाई गतिशिल राख्न एक स्व:मूल्यांकन समिति (Self Assessment Team) गठन गर्ने व्यवस्था आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी, २०७१, अनुसार गठन गरिएको निर्णय सर्वसम्मत निर्णय पारित गरियो।

स्व:मूल्यांकन समिति

संयोजक :- राज कुमार राई

सदस्य :- बाबुकाजी थापा मगर

" :- ध्रुवराज राई

" :- नगेन्द्र मगर

निर्णय नं. ७ प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता कायम गर्ने तपसिलमा उल्लेखित विद्यार्थी गुणस्तर सर्कल (Student Quality Circle) गठन गरिएको निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल :-

१) रोजिना तामाङ

२) रोज राई

३) शिक्षा लामा

४) सोनिया राई

५) नरेश विश्वकर्मा

६) ज्ञानदिला राई

७) जुना थापा

८) सिव राई

९) सरिता विष्ट

१०) हिरामणी विष्ट

११) सन्ध्या भण्डारी

१२) ईशा तामाङ

१३) रीता ओझा

१४) नाम्तुहाङ राई

१५) सुमिना सुयाल

१६) प्रतिक्षा मगर

१७) रिसिका राई

१८) मिमोसा खातिवडा

राज कुमार राई
क्याम्पस प्रमुख

निर्णय नं. ८, प्रस्ताव नं. ८ उपर आवश्यक छलफल गर्दा यस क्याम्पसको प्राज्ञिक गतिविधीलाई गुणस्तरीय बनाउदैलैजान आवश्यक खोज तथा अनुसन्धान कार्य सम्पन्न गर्ने आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी, २०७९, अनुसार तपसिलमा उल्लेखित अनुसन्धान व्यवस्थापन समिति (Research Management Cell (RMC) गठन गरिएको निर्णय सर्वसम्मत पारित गरियो।

संयोजक :- मनिराज थाई
सदस्य :- नगेन्द्र मगर
" :- गणेश कुमार राउत
" :- कविराज तामाङ

# आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधि, २०८१

# Internal Quality Assurance Guideline 2081

## नारद आदर्श शिक्षा क्याम्पस

बसाहा, उदयपुर

राज कुमार राई
क्याम्पस प्रमुख

## विषय सुची


परिच्छेद—१ .................................................................................... २

प्रारम्भिक .................................................................................... २

सङ्क्षिप्त नाम र प्रारम्भः .................................................................. २

समिति, एकाई र सेल गठन सम्बन्धी व्यवस्था.................................................. २

समिति, एकाई र सेल विगठन सम्बन्धी व्यवस्था .............................................. २

समिति, एकाई र सेलको बैठकमा अनुपस्थित.................................................. २

समिति, एकाई र सेलको बैठक सम्बन्धी व्यवस्था.............................................. २

परिच्छेद—२ .................................................................................... ३

आन्तरिक गुणस्तर सुनिश्चितता समिति.......................................................... ३

(Internal Quality Assurance Committee).................................................... ३

परिच्छेद—३ .................................................................................... ७

स्वःमुल्याङ्कन समिति (Self-Assessment Team) .............................................. ७

एकाई ४ .......................................................................................... ९

शैक्षिक व्यवस्थापन सूचना प्रणाली एकाइ Educational Management Information System Unit.......................................................................... ९


राज कुमार राई
क्याम्पस प्रमुख

# आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधि,२०८१

## प्रस्तावना

क्याम्पसको विधानले दिएको र क्याम्पस व्यवस्थापन समितिको अधिकार प्रयोग गरी क्याम्पस व्यवस्थापन समितिले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्यविधि,२०८१ तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

राज कुमार राई
क्याम्पस प्रमुख

एकाई ५ .......... १२

विद्यार्थी गुणस्तर सर्कल Student Quality Circle (SQC) .......... १२

एकाई ६ .......... १३

अनुसन्धान व्यवस्थापन समिति Research Management Committee (RMC) .... १३

राज कुमार राई
क्याम्पस प्रमुख

परिच्छेद—१

## प्रारम्भिक

**(१) सङ्क्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम ''आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यविधि,२०८१'' रहेको छ।

(ख) यो आन्तरिक गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यविधि,२०८१ तुरुन्त लागु हुनेछ।

(ग) यो कार्यविधि आवश्यकता अनुसार शंसोधन र उल्लेख गरिएका प्रसंगहरूको कार्यान्वयन गर्ने सम्बन्धमा अस्पष्टता भएमा क्याम्पस व्यवस्थापन समितिले व्याख्या गर्ने छ।

**(२) समिति, एकाई र सेल गठन सम्बन्धी व्यवस्था**

कार्यविधिले तोकेको समिति, एकाई र सेल गठन गर्ने अधिकार नारद आदर्श शिक्षा क्याम्पसको क्याम्पस व्यवस्थापन समितिमा निहित हुनेछ।

**(३) समिति, एकाई र सेल विगठन सम्बन्धी व्यवस्था**

कार्यविधिले तोकेको समिति, एकाई र सेलहरु ले तोकिएको कार्यहरु नगरेमा क्याम्पसको क्याम्पस व्यवस्थापन समितिले विगठन गरी समिति, एकाई र सेलहरु पुर्नगठन गर्न सक्ने छ।

**(४) समिति, एकाई र सेलको बैठकमा अनुपस्थित**

समिति, एकाई र सेलको सदस्यहरु तिन पटक सम्म बैठकमा अनुपस्थित भएमा समिति, एकाई र सेलको बैठकले सो सदस्यलाई समिति, एकाई र सेलको सदस्यलाई हटाउने छ।

**(५) समिति, एकाई र सेलको बैठक सम्बन्धी व्यवस्था**

समिति, एकाई र सेलको बैठक न्युनतम महिनामा एक पटक बस्नु पर्ने छ।

राज कुमार राई
क्याम्पस प्रमुख

## परिच्छेद—२

## आन्तरिक गुणस्तर सुनिश्चितता समिति

## (Internal Quality Assurance Committee)

**समितिको नाम**: समितिको नाम आन्तरिक गुणस्तर सुनिश्चितता समिति रहनेछ। अंग्रेजीमा (Internal Quality Assurance Committee) र छोटकरीमा (IQAC) भनिनेछ।

**समितिको गठन**:

गुणस्तर सुनिश्चितता तथा प्रत्यायन संग सम्बन्धित उद्देश्य प्राप्तीको लागि देहायअनुसारको आन्तरिक गुणस्तर सुनिश्चितता समितिको गठन हुनेछ।

(क) कार्य अनुभवको आधारमा सिनियर प्राध्यापक वा सह–प्राध्यापक: अध्यक्ष

(ख) स्वःमुल्याङक्न समितिका संयोजक ; सदस्य

(ग) शैक्षिक व्यवस्थापन सुचना प्रणाली एकाईका संयोजकः सदस्य

(घ) वरिष्ठ कर्मचारीः सदस्य

(ङ) विभागिय प्रमुख एक जनाः सदस्य

(च) विद्यार्थी गुणस्तर सर्कलबाट एक जनाः सदस्य

(छ) प्राध्यापक वा सह–प्राध्यापकः सदस्य–सचिव

**अध्यक्ष, सदस्य–सचिव, सदस्यहरुको पदावधि**

अध्यक्ष, सदस्य–सचिव, सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ। अध्यक्ष, सदस्य–सचिव, सदस्यहरुको पुनः मनोनित हुन सक्नेछ।



राज कुमार राई
क्याम्पस प्रमुख

## समितिको बैठक तथा भत्ता

(क) समितिको बैठक अध्यक्ष संग सल्लाह गरी सदस्य–सचिवले बोलाउने छ ।

(ख) बैठक बस्ने मिति, समय, स्थान र बैठकको छलफलको प्रस्ताव समितिको सदस्यहरुलाई अग्रिम जानकारी गराईनेछ ।

(ग) समितिको गणपुरक सङ्ख्या कुल सङ्ख्याको कम्तीमा पचास प्रतिशत मानिनेछ ।

(घ) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(ङ) समितिको बैठकमा उपस्थित सदस्यहरूको बहुमतलेगरेको निर्णय समितिको निर्णय मानिनेछ । समितिको निर्णयमा कुनै सदस्यलाई चित्त नबुझेमा आफ्नो मत प्रकट गर्ने अधिकार हुनेछ । तर सके सम्म सहमतिको आधारमा निर्णय गरिनेछ ।

(च) समितिको निर्णय पुस्तिकामा अध्यक्ष र सदस्य–सचिवको हस्ताक्षर भएपछि कार्यान्वयन गरिनेछ

(छ) समितिको बैठकमा उपस्थित अध्यक्ष, सदस्य, सदस्य–सचिव तथा आमन्त्रित व्यक्तिहरूलाई नियमानुसारको बैठक भत्ता आधिकारिक निकायले तोके बमोजिम हुनेछ ।

## समितिको काम, कर्तव्य र अधिकार

(क) विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेको गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड (Criteria), मानक (Benchmark), र सूचकहरू (Indicator) लाई आधार मानी शैक्षिक, प्राज्ञिक, अनुसन्धानमूलक तथा प्रशासकीय गतिविधिहरू सञ्चालन भएको सुनिश्चित गर्ने;

(ख) गुणस्तर सुधार र कायम गर्न अन्तराष्ट्रिय तथा राष्ट्रिय उत्तम अभ्यासहरूलाई अवलम्बन गर्ने;

(ग) आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गरी जिम्मेवारी तोक्ने ।



राज कुमार राई
क्याम्पस प्रमुख

(घ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको सम्बन्धमा विभाग, समिति, एकाई, विद्यार्थी गुणस्तर सर्कल, व्यवस्थापन तथा विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गर्ने ।

(ङ) गुणस्तर सुनिश्चितताको लागि क्षमता अभिवृद्धि प्रवोधिकरण, तालिम, गोष्ठी, अन्तरक्रिया, सम्मेलन आदि आयोजना गर्ने;

(च) क्याम्पसको गुणस्तर सुनिश्चितता सम्बन्धमा विभिन्न गतिविधिहरु सम्प्रेषण गर्ने;

(छ) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली प्रभावकारी रुपमा संचालन गर्न, सो मार्फत संस्थागत तथ्याङ्कीय प्रणाली व्यवस्थापन गर्न सहयोग गर्ने;

(ज) राष्ट्रिय वा अन्तराष्ट्रिय उच्च शिक्षा प्रदायकहरुसँग सयन्त्र स्थापना गरी क्षमता अभिवृद्धिका लागि पहल गर्ने र पारस्पारिक सम्बन्धबाट हुन सक्ने आपसी सहयोगको आदान प्रदान गर्ने ।

(झ) सबै समिति, विभाग र शाखाहरुलाई योजना तयार गरे नगरेको अनुगमन गर्ने;

(ञ) प्राध्यापकहरु को व्यावसायिक आचरण (Professional Code of Ethic) तयार गरी लागु गर्न सहजीकरण गर्ने;

(ट) प्राध्यापकहरु को व्यावसायिक आचरण (Professional Code of Ethic) तयार गरी लागु गर्न सहजीकरण गर्ने;

(ठ) विद्यार्थीहरु को आचार संहिता (Code of Code) तयार गरी लागु गर्न सहजीकरण गर्ने;

(ड) वार्षिक प्राज्ञिक सम्परीक्षण (Academic Audit) सम्पन्न गर्ने;

(ढ) क्याम्पसको गुणस्तर अन्तर विश्लेषण (Quality Gap Analysis) सम्पन्न गर्न स्व:मुल्याङक्न समितिलाई सहयोग गर्ने;

(ण) स्व:अध्ययन प्रतिवेदन तयार गर्न स्व:मुल्याङक्न समिति,विभाग र शाखाहरु संग सहकजीकरण गर्ने ।

(त) स्वअध्ययन टोलीलाई सहजीकरण गर्ने;

(थ) स्वअध्ययन टोली तथा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त पृष्ठपोषणहरु कार्य योजना तयार गरी कार्यन्वयन गर्ने;

राज कुमार राई
क्याम्पस प्रमुख

(द) गुणस्तर सुनिश्चितता सम्बन्धि गतिविधिहरु को अभिलेखीकरण गर्ने ।

**अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) समितिको नेतृत्वको जिम्मेवारी अध्यक्षको हुनेछ ।

(ख) अध्यक्षले समितिले सामूहिक उत्तरदायित्व निर्वाह गर्ने वातावरण सिर्जना गर्ने सुनिश्चित गर्नुपर्ने छ ।

(ग) समितिको बैठक संञ्चालन गर्न व्यवस्थापन गर्ने ।

(घ) समितिले स्वीकृत मापदण्ड र विधि अनुसार समिति सञ्चालन गर्ने जिम्मेवारी अध्यक्षको हुनेछ ।

(ङ) निस्वार्थता, निष्ठा, वस्तुनिष्ठता, जवाफदेहिता, खुलापन, इमान्दारिता अंगाल्ने जिम्मेवारी अध्यक्षको हुनेछ ।

(च) सदस्य–सचिव संग सहकार्य गरी समितिको सचिवालय संञ्चालन गर्ने ।

**सदस्य–सचिवको काम, कर्तव्य र अधिकार**

(क) समितिको बैठकको प्रस्ताव तयार गर्ने ।

(ख) समितिको बैठकको मिति, समय, स्थानको बारेमा सबै सदस्यहरु लाई अग्रिम जानकारी दिने ।

(ग) समितिको बैठकको निर्णय अभिलेखीकरण गर्ने ।

(घ) गुणस्तर सुनिश्चितता सम्बन्धी गतिविधिहरुको अभिलेखीकरण गर्ने ।

(ङ) समितिको सचिवालय संञ्चालन गर्ने ।

राज कुमार राई
क्याम्पस प्रमुख

## परिच्छेद–३

## स्वःमुल्याङ्कन समिति (Self-Assessment Team)

**समितिको नामः** समितिको नाम स्वःमुल्याङ्कन समिति रहनेछ। अंग्रेजीमा Self-Assessment Team र छोटकरीमा SAT भनिनेछ।

### स्वःमुल्याङ्कन समितिको उदेश्य

आन्तरिक गुणस्तर सुधारको विविध आयामहरु को नियमित रुपमा अनुगमन गरी आन्तरिक गुणस्तरको अन्तर विश्लेषण गर्ने स्व मुल्याङ्कन समितिको मुल उदेश्य हुनेछ।

### स्वःमुल्याङ्कन समितिको संरचना

(क) संयोजक : क्यापस प्रमुख

(ख) सदस्य : विभागिय प्रमुखहरु मध्येबाट एक जना

(ग) सदस्य : आन्तरिक गुणस्तर सुनिश्चितता समितिका संयोजक

(घ) सदस्य : शैक्षिक व्यवस्थापन सुचना प्रणाली एकाईका संयोजक

(ङ) सदस्य : बिद्यार्थी गुणस्तर सर्कलका सदस्य

### समिति को कार्य, जिम्मेवारी र अधिकार

(क) क्याम्पसको शैक्षिक, प्रशासनिक, तथा अन्य गतिविधिहरुको सुचना तथा तथ्याङ्कहरु पद्धतीगत रुपमा संकलन र भण्डारण गर्न प्रणाली स्थापना गर्ने।

(ख) शैक्षिक व्यवस्थापन सुचना प्रणाली प्रयोगलाई प्रोत्साहन गर्ने।

(ग) एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली मार्फत क्याम्पसको तथ्याङ्कीय प्रणाली प्रयोग गरी सुचना तथा तथ्याङ्कहरु संकलन गरी विश्लेषण गर्ने।

(घ) क्याम्पसको गुणस्तर अन्तर विश्लेषण (Quality Gap Analysis) गर्न आवश्यक चेकलिष्ट तयार गर्ने।

राज कुमार राई
क्याम्पस प्रमुख

(ङ) नियमित रुपमा क्याम्पसको गुणस्तर अन्तर विश्लेषण (Quality Gap Analysis) गर्ने ।

(च) गुणस्तर अन्तर विश्लेषणको नतिजाको आधारमा कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्न सहकजीकरण गर्ने ।

(छ) स्वःअध्ययन प्रतिवेदन तयार गर्न आन्तरिक गुणस्तर सुनिश्चितता समिति,विभाग र शाखाहरु संग सहकजीकरण गर्ने ।

(ज) स्वःअध्ययन प्रतिवेदनको विभिन्न तहमा समिक्षा गर्ने ।

**समितिको पदावधि**

समितिले चार वर्ष पुर्णकालिन रुपमा कार्य गर्ने छ ।



राज कुमार राई
क्याम्पस प्रमुख

## एकाई ४

## शैक्षिक व्यवस्थापन सूचना प्रणाली एकाइ Educational Management Information System Unit

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली को उच्च शिक्षामा विकल्प छैन, यो अपरिहार्य छ। तथ्याङ्क संकलन र भण्डारणको लागि बहु सफ्टवेयर प्रयोग अव्याहारिक छ। तर्सथ एकल प्रणालीको रुपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीले सुविधा दिन्छ। शिक्षा व्यवस्थापन सूचना प्रणालीले दक्षता र उत्पादनशिलता बृद्धि गरी विश्वसनिय सुचना तथा तथ्याङ्क उत्पादन गर्दछ।

### शैक्षिक व्यवस्थापन सूचना प्रणाली एकाइको उदेश्य

(क) व्यवस्थापनलाई सुचनाको आधारमा निर्णय गर्न सहज, सही र सक्षिप्त सुचना प्रदान गर्ने।

(ख) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली प्रभावकारी रुपमा संञ्चालन गरी क्याम्पसको तथ्याङ्क अध्यावधिक गर्ने।

### शैक्षिक व्यवस्थापन सूचना प्रणाली एकाइका पदाधिकारी तथा सदस्य

संयोजकः वरिष्ठ प्राध्यापक वा विभागिय प्रमुख हरु मध्येबाट

सदस्यः परिक्षा शाखा प्रमुख (एक जना)

सदस्यः विद्यार्थी गुणस्तर सर्कलका प्रतिनिधि (एक जना)

सदस्यः आन्तरिक गुणस्तर सुनिश्चितता समितिको संयोजक

सचिवः पुस्तकालय प्रमुख

### शैक्षिक व्यवस्थापन सुचना प्रणाली एकाइको पदावधि

शैक्षिक व्यवस्थापन सुचना प्रणाली एकाइको पदावधि चार (४) वर्षको हुने छ।



राज कुमार राई
क्याम्पस प्रमुख

## शैक्षिक व्यवस्थापन सूचना प्रणाली एकाइको काम, कर्तव्य र अधिकार

(क) एकिकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली संचालन गर्ने,

(ख) शैक्षिक, प्रशासनिक, अनुसन्धान तथा विद्यार्थी, कर्मचारी र संकाय सदस्यहरुको अद्यावधिक तथ्याङ्क व्यवस्थापन गर्ने,

(ग) तथ्याङ्कको सुरक्षित भण्डारण गर्ने,

(घ) विद्यार्थी, कर्मचारी र संकाय सदस्यहरु लाई शैक्षिक व्यवस्थापन सुचना प्रणालीको सुविधा प्रदान गर्ने,

(ङ) शैक्षिक सुचना प्रविधि र शैक्षिक व्यवस्थापन सुचना प्रणाली सम्बन्धी तालिम संचालन गर्ने,

(च) शैक्षिक व्यवस्थापन सुचना प्रणाली प्रयोग गरी प्रतिवेदन तयार गर्ने,

(छ) कलेजको वार्षिक प्रतिवेदन तयार गर्ने ।

## शैक्षिक व्यवस्थापन सुचना प्रणाली एकाइको संयोजकको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व

क) एकाइको श्रोत व्यक्ति र फोकल पर्सनको रुपमा कार्य गर्ने ।

ख) न्युनतम महिनामा एक पटक एकाइको बैठक बोलाउने ।

ग) एकाइको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

घ) एकाइको सदस्य तथा पदाधिकारीहरु लाई कार्य विभाजन गर्ने ।

ङ) एकाइको कार्य सम्पादन अनुगमन गर्ने ।

च) शैक्षिक व्यवस्थापन सुचना प्रणाली र शैक्षिक सुचना प्रविधिलाई अधिकतम प्रयोगको लागी सहजीकरण गर्ने ।

छ) बाह्य तथा आन्तरिक सञ्जाल विस्तार गर्ने ।



राज कुमार राई
क्याम्पस प्रमुख

**शैक्षिक व्यवस्थापन सुचना प्रणाली एकाइको सचिवको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व**

(क) संयोजक संग सल्लाह गरी समितिको बैठकको मिति तय गर्ने,

(ख) एकाईको बैठकको निर्णय गर्ने एजेण्डा तयार गर्ने,

(ग) एकाईको बैठकको निर्णय तयार गर्ने,

(घ) एकाईको कार्यालय संचालन गर्ने ।



राज कुमार राई
क्याम्पस प्रमुख

# एकाई ५

## विद्यार्थी गुणस्तर सर्कल Student Quality Circle (SQC)

### विद्यार्थी गुणस्तर सर्कलको महत्व

विद्यार्थी गुणस्तर सर्कल विद्यार्थीहरु लाई गुणस्तर वृद्धिको लागि योगदान गर्न र सहभागितामुलक विधिबाट कार्य सम्पादन गर्न शसक्तिकरण गर्दछ। विद्यार्थी गुणस्तर सर्कलले विद्यार्थीहरु लाई अध्ययन गरिरहेको शैक्षिक संस्थाको अध्ययन अध्यापन प्रक्रियाको सुधार गर्न संग्लन हुने वातावरण श्रृजना गर्दछ। साथै विद्यार्थी गुणस्तर सर्कलमा सहभागी हुने विद्यार्थी हरुले व्यावसायिक सिप तथा शैक्षिक संस्थाको अध्ययन अध्यापन प्रक्रियाको सुधार प्रक्रियामा सहभागी भई सो सम्बन्धी ज्ञान सिप तथा अवधारण विकाश गर्न सक्दछन्।

### विद्यार्थी गुणस्तर सर्कलको संरचना

कलेजको सवै तहमा अध्ययन गर्ने विद्यार्थीहरुको प्रतिनिधित्व हुने गरी विद्यार्थी गुणस्तर सर्कल गठन गरिने छ। अध्ययन गर्ने विद्यार्थीहरु मध्येवाट स्वयसेवी अवधारणा बाट १७ देखि २१ जना सहभागी हुने गरी विद्यार्थी गुणस्तर सर्कल गठन गरिने छ। विद्यार्थी गुणस्तर सर्कल संकायका अध्ययनरत विद्यार्थीहरुको भेलाले गर्ने छ।

राज कुमार राई
क्याम्पस प्रमुख

## एकाई ६

## अनुसन्धान व्यवस्थापन समिति Research Management Committee (RMC)

नारद आदर्श शिक्षा क्याम्पसमा शैक्षिक अनुसन्धानको प्रवर्द्धन गर्न, समर्पित अनुसन्धान समिति गठन गरिनेछ। यस समितिले अनुसन्धान गतिविधिहरूको प्रगति र प्रसारलाई सहज बनाउन, अनुसन्धानकर्ताहरूलाई विभिन्न रणनिति मार्फत सहयोग गरी अनुसन्धान र नवीनताको संस्कृतिलाई बढावा दिन महत्त्वपूर्ण भूमिका खेल्नेछ।

### अनुसन्धान व्यवस्थापन समितिको उदेश्य

(क) अनुसन्धान व्यवस्थापन समितिले संकाय र विद्यार्थीहरूको लागि विभिन्न अनुसन्धान र क्षमता निर्माण गतिविधिहरू संस्थागत गर्नेछ।

(ख) अनुसन्धान व्यवस्थापन समितिले अनुसन्धान, प्रकाशन, सम्मेलन, कार्यशाला, प्रशिक्षण, परियोजना गतिविधिहरू, आदि आयोजना गर्न विभिन्न संस्थानहरूसँग सहकार्य गर्न नेतृत्व गर्नेछ।

### अनुसन्धान व्यवस्थापन समितिको गठन

संयोजकः वरिष्ठ प्राध्यापक

सदस्यः प्राध्यापकहरु मध्ये तिन जना

सदस्यः प्राध्यापकहरु मध्ये तिन जना

सदस्यः विद्यार्थी गुणस्तर सर्कल

### अनुसन्धान व्यवस्थापन समिति को कार्य, जिम्मेवारी र अधिकार

(१) अनुसन्धान नीति र कार्यविधि लागू गर्ने,

(२) वार्षिक अनुसन्धान कार्य योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(३) राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सञ्जाल र सहकार्य स्थापना गर्ने,



राज कुमार राई
क्याम्पस प्रमुख

(४) संकाय र विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने तालिम, कार्यशाला, सेमिनार र अतिथि व्याख्यान सत्रको आयोजना गर्ने,

(५) विद्यार्थी र संकाय अनुसन्धानकर्ताहरूको लागि आर्थिक सहयोग प्रदान गर्ने,

(६) क्याम्पसको जर्नल प्रकाशनको लागि सहजीकरण गर्ने,

(७) अनुसन्धान लेख प्रकाशन गर्न को लागी सहजीकरण गर्ने,

(८) वार्षिक रूपमा ट्रेसर र विद्यार्थी अनुभव सर्वेक्षण सञ्चालन गर्ने ।

राज कुमार राई
क्याम्पस प्रमुख

# आन्तरिक गुणस्तर सुनिश्चितता समितिको कार्यबिधि कार्यशाला

मिति : २०८१/०८/१४ गते शुक्रबार

<u>आयोजक</u>

कार्यबिधि निर्माण समिति

नारद आदर्श शिक्षा क्याम्पस

चौदण्डीगढी न पा-०४, बसाहा, उदयपुर

आज मिति २०८१/१०/१६ गतेको दिन यस नारद आदर्श शिक्षा क्याम्पसको संचालक समितिको अध्यक्ष श्री हाङदिप क्षेशर राईको अध्यक्षतामा १ दिने छलफल आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी सम्बन्धी छलफल/ अन्तरक्रिया तपशिल बमोजिम सहभागी भई निर्णयहरु पारित गरियो।

उपस्थिति

| | | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | हाङदिप क्षेशर राई | अध्यक्ष (संचालक समिति) | [signature] |
| २. | शेखर राई | उपाध्यक्ष ( ,, ,, ) | [signature] |
| ३. | अम्बिका पासवान | सदस्य ( ,, ,, ) | [signature] |
| ४. | वीर ब. राई | ,, ( ,, ,, ) | [signature] |
| ५. | सम्झना राई | ,, ( ,, ,, ) | [signature] |
| ६. | धनकुमारी राई | ,, ( ,, ,, ) | [signature] |
| ७. | राज कुमार राई | क्याम्पस प्रमुख | |
| ८. | ज्ञानदिल राई | सभापति (स्ववियु) | [signature] |
| ९. | मतिराज राई | संयोजक (RMC) | [signature] |
| १०. | नगेन्द्र राई माथ | शिक्षक | [signature] |
| ११. | बाबुराजी थापा माथ | ,, | [signature] |
| १२. | राम कुमार मण्डल | ,, | [signature] |
| १३. | देवराज राई | ,, | [signature] |
| १४. | सुरेश कुमार राई | सदस्य (संचालक समिति) | [signature] |
| १५. | दिपक राउत | ,, | [signature] |
| १६. | जय कुमार राई | ,, | [signature] |
| १७. | ध्रुवराज राई | | [signature] |

प्रस्ताव

१. आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधि छलफल सम्बन्धमा

निर्णयहरु

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा

स्थापित-२०६०

आन्तरिक गुणस्तर सुनिश्चितता कार्यविधी सम्बन्धमा छलफल गरी आवश्यक संशोधन सहित कार्यविधि पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

राज कुमार गौड

नारद आदर्श शिक्षा क्याम्पस
स्थापित-२०६०

Date: ..................

Page: ..................

आज मिति २०८१।०३।२१ गते शुक्रबारका दिन यस नारद आदर्श शिक्षा क्याम्पसका क्याम्पस संचालक समितिका अध्यक्ष हाईदिप केशर राईको अध्यक्षतामा बैठक बसि तपसिलका उपस्थितिमा निर्णयहरु पारित गरियो

उपस्थिति :-

| | | | |
|---|---|---|---|
| (१) | हाईदिप केशर राई | अध्यक्ष, क्याम्पस सं. समिति | [signature] |
| (२) | शेखर राई | उपाध्यक्ष, " | [signature] |
| (३) | अम्बिका पासवान | सदस्य " | [signature] |
| (४) | वीर ब. राई | " " | [signature] |
| (५) | श्याम ब. राई | " " | [signature] |
| (६) | दिनेश राई | " " | |
| (७) | भूपेन्द्र राई | " " | |
| (८) | जय कुमार राई | " " | [signature] |
| (९) | कुमार राई | " " | [signature] |
| (१०) | नूर बि. नेपाली | " " | |
| (११) | अर्जुन तामाङ | " " | [signature] |
| (१२) | धनकुमारी राई | " " | |
| (१३) | कृष्ण कुमार श्रेष्ठ | " " | [signature] |
| (१४) | रेवन्ति राई | " " | |
| (१५) | लाल कुमार राई | " " | [signature] |
| (१६) | दिपक राउत | " " | [signature] |
| (१७) | मौसम साम्पाङ राई | " " | [signature] |
| (१८) | सम्झना राई | " " | [signature] |
| (१९) | नवराज थुलुङ राई | " " | |
| (२०) | अञ्जना राई | " " | |
| (२१) | केवल तामाङ | " " | [signature] |
| (२२) | नविन सुलिहाङ | " " | [signature] |
| (२३) | लोकेश राउत | " " | |
| (२४) | गणेश कुमार राउत | " " | |
| (२५) | राज कुमार राई | सदस्य सचिव | [signature] |

[signature] ... कुमार राई क्याम्पस प्रमुख

आमन्त्रित :-

(२६) [illegible]

# आन्तरिक गुणस्तर सुनिश्चितता समितिको कार्यबिधि कार्यशाला

मिति : २०८१/०८/१४ गते शुक्रबार

*आयोजक*

कार्यबिधि निर्माण समिति

नारद आदर्श शिक्षा क्याम्पस

चौदण्डीगढी न पा-०४, बसाहा, उदयपुर




Galaxy A55 5G


Galaxy A55 5G